आज मिति २०७५।०२।२० गतेका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री खुमकान्त आचार्यज्यू को अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय दार्चुलामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले समितिका तपशिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

प्र. जि. अ. – श्री खुमकान्त आचार्य ---- अध्यक्ष
प्रमुख जि.स.स. – श्री करविर सिंह कार्की – (दार्चुला)
प्रतिनिधि – श्री ज्ञानेन्द्र धर्ती (ने.क.पा.)
प्रतिनिधि – श्री हरक सिंह विष्ट (ने.का.)
आयोजना प्रमुख – श्री सुशिल चन्द्र देवकोटा
जि.शि.अ. – श्री पवन कुमार तिमिल्सेना
व.क्षे.वि.अ. – श्री सूर्य प्रताप वराल
जि.व.अ. – श्री संजय तिवारी
प्र.ना.उ. – लवराज अधिकारी (जिल्ला प्रहरी कार्यालय)
ने.प्र. (कार्यवाहक) – प्रयाग थर्पलिया
सै.प्र.नी.उ आर्मीका प्र. जोशी
मु.प्र.नि. रेडक्रस दार्चुला दीपक प्रसाद अवस्थी
टीम लिडर CRDS-Nepal अशोक राज ओझा
ARRO-CRDS-Nepal, हरि प्रसाद भट्ट
PAHAL, नरेन्द्र नेकेर
लोकेन्द्र प्रकाश जोशी - रेडियो तारखो
भरत ब. चन्द अ. रा. अ. वि. दार्चुला
डम्बर दत्त भट्ट जि. को. का. दार्चुला
श्री, बहादुर बर जि. प. से. का. दार्चुला
जनक राज खनाल, दार्चुला-टिंकर सडक योजना
गोपाल सिंह महरा नेटे लो-
लक्ष्मण सिंह धामी नया नेपाल दैनिक
करण धामी favorite media
सन्तोषसिंह ओहरी अनलाइन खबर
शंकर सिंह धामी अध्यक्ष, FNJ दार्चुला
डम्बर बहादुर सिंह मा.धा. नि.मा.नि. हाइड्रो प्रोजेक्ट
निर्मला कुवर म.ब.बा.का. दार्चुला
नरेन्द्र जोशी पत्रकार
मुनिराज उपाध्याय, प्र.म.अ. शर्मा, नारायणि हेल्थ.

धन बहादुर बोहरा सिंचाई विकास डिभिजन दार्चुला

केशव राज जोशी नि. प्र.-डिभीजन प्रमुख खा.पा.स.डि. कार्यालय

भागरथी भारी शिक्षा विकास तथा समन्वय इकाई दार्चुला

स.प्र.जि.अ. शिवराज जोशी —— सदस्य सचिव

निर्णय :-

(१) आगलागी बाट घर पूर्ण रुपमा क्षति भई खाद्यान्न, सर समान समेत क्षति भई पिडित भएका साविक उकु - ३ हाल मालिकार्जुन गा. पा. व. नं. ६ कुचकोट उकु बस्ने देवराम पार्की र बाबाहुरी बार घर, खाद्यान्न, लुगाकपडा, भाडाकुडा क्षति भई पिडित भएका साविक उकु-५, हाल मालिकार्जुन गा. पा. ७ चौकी बस्ने हरी राम पार्की सहित २ (दुई) पिडित परिवारहरुलाई जिल्ला प्रशासन कार्यालय, दार्चुला बाट नियमानुसार मापदण्ड बमोजिम जिल्ला दैवी प्रकोप राहत कोष बाट वितरण गरिएको जम्मा राहत रकम रु.२०,०००/- (बिस हजार मात्र) खर्च समर्थन गर्ने निर्णय गरियो।

(२) गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र को च.नं. ८३४ मिति २०७४।०२।०५ गतेको प्रेषित पत्रबाट नेपालको संविधान २०७२ को अनुसूची ७, ८, ९ मा निर्दिष्ट गरे अनुसारको विपद् व्यवस्थापनको कार्य गर्न जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आयोजना गरी गाउपालिका अध्यक्ष, नगरपालिका मेयरहरु, स्थानिय सरकारका प्रमुख, जिल्लामा रहेका विपद् व्यवस्थापनका नेतृत्व (Lead) गर्ने, कार्यालयहरु र सह-नेतृत्व (Co-Lead) गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको संयुक्त बैठक राखी यस आर्थिक वर्षको र आगामी आ.वर्षमा DRR र DRM सम्बन्धी कार्य गर्ने संयन्त्र निर्माण गर्न आवश्यक भएकोले बैठकबाट उक्त कार्यको समेत व्यवस्थापन गर्न हुन अनुरोध छ भनी लेखि आएको हुदा यस जिल्लामा विपद् संग सम्बन्धित सबै विषय क्षेत्र गत कार्यालयहरु बाट मनसुन पूर्व तयारी सम्बन्धी DRR र DRM यथासक्य चाँडो तयार गरी जिल्ला विपद् व्यव- -स्थापन समिति समक्ष पेश गर्ने निर्णय गरियो।

(३) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको परिमार्जित ~~संस्करण~~ एवं संशोधित संस्करण २०७५ तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा पेश गर्न गठित उपसमिति बाट योजना तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा पेश गरिएकोमा उक्त तयार गरी पेश गरिएको योजनामा आवश्यक हेरफेर, संशोधन र शुद्धता समेत कायम गरी आजै बसेको (जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बाट विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना संशोधन २०७५ पारित गरी गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र, तथा अन्य सम्बन्धित निकाय र जिल्लास्थित विषय क्षेत्रगत कार्यालयहरु (cluster) लाई उपलब्ध गराउने निर्णय गरियो।